जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २८९ २०८२ साल असार १० गते मंगलबार (24 June 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सुनचाँदीमा लगाउने घोषणा. ३ पृष्ठमा : मन्त्रालयले सङ्घीयता कार्यान्वयन ... ३ पृष्ठमा इरानलाई मुख्य व्यापारिक..

# रुपनी गाउँपालिकाले ल्यायो ४८ करोड ४३ लाखको बजेट




**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीको रुपनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लगि ४८ करोड ५५ लाख ४३ हजार ४ सय ३१ रुपैयाँको बजेट ल्याएको छ ।

सोमबार गाउँसभाको बैठकमा उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगीले उक्त बजेट प्रस्तुत गर्दै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा समानिकरण ९ करोड ४२ लाख, राजस्व बाँडफाँट ९ करोड ५५ लाख, सशर्त अनुदान २३ करोड ८९ लाख, समपुरक अनुदान २ करोड १५ लाख र विशेष अनुदान १ करोड रुपैयाँ रहेको बताइन् ।

यस्तै मधेश प्रदेश सरकारबाट प्राप्त हुने अनुदान अन्तर्गत समानिकरण ६५ लाख २० हजार, राजस्व बाँडफाँट ५३ लाख ६८ हजार र सम्पुरक अनुदान २० लाख, प्रदेश सशर्त अनुदान ८० लाख, विशेष अनुदान ३० लाख र आन्तरिक श्रोतबाट ६० लाख रुपैयाँ आय अनुमान गरिएको प्रमुख प्रशासकीय अधिकृत उमेश कुमार यादवले जानकारी दिए ।

सो गाउँसभाबाट शिक्षामा सुधार ल्याउन विद्यालय सञ्चालन रहेका बेला कक्षाकोठामा मोवाईलको प्रयोग निषेध गर्ने भएको छ । गाउँपालिकाले आर्थिक बर्ष २०८२/०८३ का लागि ल्याएको बार्षिक नीति तथा कार्यक्रममा कक्षाकोठामा शिक्षकहरुलाई मोवाईल प्रयोगमा निषेध र प्रयोग गर्ने शिक्षकलाई कारवाही गर्ने उल्लेख छ ।

गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले सोमबार सातौं गाउँसभा बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै कक्षाकोठामा शिक्षकहरु लाई मोवाइल प्रयोगमा निषेध गर्नुका साथै विद्यालयमा सुर्तिजन्य पदार्थ पनि पुर्ण रुपमा निषेध गरिने बताए ।

उनले कृषि क्षेत्रको विकासका लागि मलखाद विउ बिजनमा अनुदान, प्राङ्गारिक कृषि खेतीमा जोड, कृषकको वर्गिकरण गरि परिचयपत्र वितरण र दलितहरुको लागि घर मिटर निशुल्क उपलब्ध गराईने घोषणा गरे ।

पालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा बेरोजगार रहेका श्रमिकलाई सहभागि गराउनुका साथै वैदेशिक रोजगारबाट फर्किएका जनशक्तिहरुको परिचालन गरि रोजगारको अवसर सृजना गरिने अध्यक्ष यादवले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा उल्लेख छ ।

जेष्ठ नागरिक, अशक्त, असहायहरुको लागि घरदैलो उपचार कार्यक्रम सञ्चालन गरि प्लाष्टिक जन्य र वातावरण प्रदुषित बनाउने दैनिक प्रयोगका सामग्रीलाई निरुत्साहित गर्दै आगामी आर्थिक बर्ष भित्र सुरक्षित नागरिक आवास नीति अनुरुप परालको घर न्यूनीकरणमा जोड दिईने नीति तथा कार्यक्रममा समेटिएको छ ।

# ट्याक्टर पल्टिदा चालकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा सोमबार भएको ट्याक्टर दुर्घटनामा ट्याक्टर चालकको मृत्यु भएको छ ।

सोमबार दिउँसो ३ बजेतिर तिलाठी कोइलाडी गाउँपालिका २ लौनियाबाट दामावत्तितर्फ जाँदै गरेको स.१त. ६७०० नम्बरको ट्याक्टर पल्टिदा चालक सोही वडा निवासी देवेन्द्र प्रसाद साहको मृत्यु भएको हो ।

प्रहरीका अनुसार ट्याक्टरले चेपिएर गम्भिर घाइते भएका ३८ वर्षिय साहलाई प्रहरीले उद्दार गरि उपचारका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतकको शव पोष्टमार्टमका लागि सोही अस्पतालमा राखी घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बस दुर्घटना हुँदा दश जना घाइते

**दैनिक समाचारदाता**
**रौतहट, ९ असार ।**

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत रौतहटको चन्द्रनिगाहपुरमा यात्रुबाहक बस दुघटना हुँदा १० जना घाइते भएका छन् ।

सोमबार बिहान काठमाडौँदेखि भिट्ठामोड महोत्तरीतर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ५२१६ नं को बस अनियन्त्रित भई सात फिट दक्षिण साइडमा दुर्घटना हुँदा १० यात्रु घाइते भएका हुन ।

घाइते हुनेमा सात जना भारतीय नागरिक रहेका छन् । घाइते हुनेमा भारत सितामढीकी ४४ वर्षीय रेखादेवी राम, सोही ठाउँकी २२ वर्षीय जहदेवी झा, सोही ठाउँका ११ वर्षीय बिसुकुमार पटेल, मोहमद अकिल, ३८ वर्षीय नरगिस खातुन, दुई वर्षीय आयस प्रतिक रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक राजकुमार राईले जानकारी दिए ।

यसैगरी धनुषा जिल्ला सिरेश्वरनाथ-१ बस्ने वर्ष २३ को अनुष्का निगम, जनकपुर बस्ने वर्ष ३५ कि सन्तोषी ठाकुर र जलेश्वर-४ बस्ने ४३ वर्षीय पुनम ठाकुर पनि दुर्घटनामा परी घाइते भएको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिए ।

घाइते सबैको चन्द्रपुर अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए । घाइतेको अवस्था समान्य रहेको राईले बताए । बसमा २५ जना सवार रहेकामा १० जना घाइते र अन्य १५ जना गन्तव्यतिर गएको समेत उनले जानकारी दिए । चालक भने फरार रहेको बताइएको छ ।

# वडा नं. ३ को नवनिर्मित भवनको उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

राजबिराज नगरपालिका वडा नं. ३ को नवनिर्मित भवनको सोमबार उद्घाटन गरिएको छ ।

सो वडास्थित कल्टुदास पोखरीको उत्तरपट्टी नवनिर्मित भवनको वडा अध्यक्ष अनिल कुमार दासले बिधिवत पूजापाठ गरि रिवन काटेर उद्घाटन गरेका हुन् ।

राजबिराज नगरपालिकाको नगरस्तरिय योजनाबाट ३० लाख र वडा स्तरिय योजनाको ३० लाखको लागतमा निर्माण कार्य सम्पन्न गरिएको उपभोक्ता समितिका अध्यक्ष दिपेन्द्र दासले जानकारी दिएका छन् ।

सो अवसरमा राजबिराज नगरपालिकाका पूर्व नगरप्रमुख जगरनाथ दास, मधेश कृषि बिश्वबिधालयका रजिष्टार भगवान ठाकुर, राजबिराज नगरपालिका वडा ४ का अध्यक्ष दिनेश कसेरा, वडा १ का अध्यक्ष चन्द्रशेखर चौधरी, कार्यपालिका सदस्य सोनी रजक, ललिता कर्ण, रेखा मण्डल, घुरणी रजक, मनोज कुमार साह, केअ माबिका प्राधानाध्यापक योगेन्द्र प्रसाद यादब, महिला नेतृ उषा देव यादब, आशा साह, बिभिन्न वडाका जनप्रतिनिधि तथा समाजसेवी लगायत स्थानिय वडावासीहरूको उपस्थिति थियो ।

**कृषिमा आधुनिकीकरण गरौं ।**

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्दतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ्ग र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्रण गरौं,
- बजार ब्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान–प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।

"कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### तल्लो स्तरबाटै जनता आफै जागरुक हुनु अति आवश्यक

अहिले जताततै भ्रष्टाचार भएको गरिएको सुन्न पाइन्छ । तर भ्रष्टाचार भन्ने शब्दलाई कसरी व्याख्या गर्ने हो भन्ने कुरा बुझ्नु आवश्यक छ । कसैले व्यक्तिगत फाइदाका लागि त कसैले दबाबका कारण गरिने लाभलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचार देशैभरिका सबै क्षेत्रमा फस्टाउँदै गएको छ । पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो ।

आफूलाई फाइदा पुऱ्याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने कालो नियतले प्रेरित भई एउटै नीतिको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत भ्रष्टाचार भन्ने गरिन्छ । आर्थिक भ्रष्टाचारले व्यक्ति समाज र राष्ट्रलाई क्षणिक बढी र दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ ।

यता नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा अनुपयुक्त नहोला । तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तल्लो स्तरबाटै जनता आफै जागरुक हुनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सुनचाँदीमा लगाउने घोषणा गरिएको कर फिर्ता गर्न माग

काठमाडौँ, ९ जेठ (रासस) ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सुन तथा गरगहनामा शून्यबाटै कर लाग्ने गरी भएको घोषणा फिर्ता लिन माग गरेको छ । प्रतिनिधिसभा, अर्थ समितिको सोमबारको बैठकमा सुनचाँदी व्यवसायीले सुन जन्मदेखि मृत्यपछिको संस्कारमासमेत आवश्यकपर्ने हुँदा यसलाई विलासिताका रूपमा नहेरी संस्कार, संस्कृति र सम्पतिका रूपमा बुझिदिन सरकारलाई सुझाव दिनुभयो ।

महासङ्घका अध्यक्ष अर्जुन रसाइलीले सुन र गहनामा विभिन्न नाममा ३० प्रतिशतसम्म कर लाग्ने व्यवस्थाले नेपाली व्यवसाय धरासायी हुने बताउनुभयो । उहाँले अहिलेकै घोषणा कायम रहेमा नेपालमा सुन महँगो भई उपभोक्ता मारमा पर्नुका साथै हजारौं मजदुरको रोजगारी गुम्न सक्नेतर्फ सचेत रहन आग्रह गर्नुभयो । खुला सिमाना भएका कारण भारतीय बजारमा पुगेर सहज सुन किन्न वातावरणले राज्यको ठूलो परिमाणमा राजस्व गुम्न सक्ने पक्षमासमेत सजग रहन जरूरी रहेको व्यवसायीको भनाइ थियो ।

चालु आर्थिक वर्षमा करिब १० लाखसम्म सुन खरिदमा अतिरिक्त कर लाग्ने व्यवस्था रहेकामा यस पटकको बजेटमा शून्यबाटै कर लाग्ने प्रावधान रहने प्रस्ताव गरेको छ । नेपाल सुन चाँदी व्यवसायी तथा कालीगढ सङ्घर्ष समितिका विपेन्द्र रामुदामु सुनचाँदी व्यवसायीलाई राज्यले हर्ने र दृष्टिकोणमै परिवर्तन आउन आवश्यक रहेको बताउनुभयो । नेपालको सुनचाँदी व्यवसायलाई मर्यादित तुल्याउन सहजरूपमा कच्चापदार्थ प्राप्तिको व्यवस्था हुन आवश्यक रहेको बताउँदै उहाँले सुनचाँदीलगायत रत्न सुन्दरताका लागि मात्र नभइ अप्ठेरो परेका बेला खर्च गर्ने वस्तुका रूपमा बुझिदिन सुझाव दिनुभयो ।

नेपाल राष्ट्रिय सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष अर्जुन विश्वकर्माले मुलुकको व्यापार घाटालाई सन्तुलित तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको सुनचाँदी व्यवसायले १२ अर्ब बराबरको राजस्वमा योगदान दिँदैआएको जानकारी दिनुभयो । नेपालमा सुनचाँदी रत्न तथा आभूषणका क्षेत्रमा चार खर्बभन्दा बढीको लगानी रहेको बताउँदै उहाँले नेपालबाट वार्षिकरूपमा चार अर्बभन्दा बढीका गरगहना निर्यात हुँदैआएको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

सुनचाँदी व्यवसाय विस्तारका लागि आवश्यक वातावरण बनाउनुपर्ने, कच्चा पदार्थमा पहुँच विस्तार हुनुपर्ने तथा सङ्कटबाट गुज्रिरहेको व्यवसायलाई सान्त्वना दिन अन्य नीतिगत व्यवस्था घोषणा हुनुपर्ने व्यवसायिको माग छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका प्रतिनिधि दिपेशरत्न शाक्यले नेपाली समाजका संस्कारसँग जोडिएको तथा महत्त्वपूर्ण नगद सम्पतिकारूपमा रहेको सुनचाँदीका गरगहना जहिले पनि निर्यातको सम्भावना बोकेको बस्तु भएकाले यस व्यवसायको संरक्षण र प्रवर्द्धनमा सरकारको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

बैठकमा सदस्यले अहिले घोषणा गरिएको करले सुनचाँदी व्यवसाय मात्र नभइ नेपाली उपभोक्तालाईसमेत मर्का परेकाले त्यसमा सरकारको सहजीकरणको आवश्यकता औँल्याउनुभयो । उहाँहरूले अत्यधिकरूपमा बढाइएको करले व्यवसाय सञ्चालनमा अप्ठेरो सिर्जना हुने र उपभोक्ता बढी मारमा पर्ने पाटोमा हेक्का राख्न सरकारलाई सुझाव दिनुभयो ।

यसअघि आन्तरिक राजस्व विभागका उपमहानिर्देशक तीर्थराज सिल्वालले सुन कालोधनको सञ्चयको क्षेत्र भन्ने प्रश्न उठेपछि त्यसलाई नियमन गर्न र पारदर्शी तुल्याउन करलगायत विषयमा नयाँ व्यवस्था गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “नेपालमा बैंङ्किङ माध्यमद्वारा छ प्रतिशत मात्र सुनको कारोबार हुन्छ, अरु विभिन्न पक्षबाट करोबार हुन्छ । झोलामा पैसा बोकेर सुन भण्डारण गर्ने कार्यलाई रोक्न सरकारले सारेको अभियानमा सहयोग होस् ।” अर्थ समितिले विभिन्न माग राखेर आन्दोलनमा रहेका सुनचाँदी व्यवसायिका विषयमा छलफल गर्न सोमबारको बैठक बोलाएको हो ।

# कानुन बाहिर गएर दलीय प्रभाव पर्ने गरी न्यायाधीश नियुक्त भएको छैन : मन्त्री चौरसिया

काठमाडौँ, ९ असार (रासस) ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधान र कानुनभन्दा बाहिर गएर दलीय प्रभाव पर्ने गरी न्यायाधीश नियुक्त नभएको स्पष्ट पार्नुभएको छ ।

विनियोजन विधेयक, २०८२/८३ अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा प्रतिनिधिसभा सदस्यहरुले राख्नुभएका जिज्ञासाबारे जवाफ दिँदै उहाँले न्यायपालिकाको गरिमा उच्च राख्न आफूले अथक प्रयास गरिरहेको बताउनुभयो ।

मन्त्री चौरसियाले भन्नुभयो, “न्यायाधीश नियुक्तिका सम्बन्धमा भएको संवैधानिक तथा कानुनी व्यवस्था स्मरण गराउन चाहन्छु, संविधान तथा कानुनको सीमाभन्दा बाहिर गएर न्यायाधीश नियुक्ति गर्न नमिल्दैन ।”

उहाँले नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिसम्बन्धी व्यवस्था रहेको हुँदा देवानी प्रकृतिका विवादहरु न्यायिक समितिबाट निरुपण गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक छ वा छैन भन्ने सम्बन्धमा अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मन्त्री चौरसियाले विधेयक तथा नमुना कानुन निर्माण तथा कानुन तर्जुमा सहजीकरणमार्फत विधेयकहरुको अवधारणापत्र तर्जुमा मस्यौदा, नमूना कानुनको मस्यौदालगायतका काम गर्नुपर्ने र स्थानीय तह तथा प्रदेश सरकारलाई कानुन तर्जुमा गर्न सहजीकरण गर्ने विषय रहेको स्पष्ट पार्नुभयो ।

उहाँले सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका लागि नियमित बजेट विनियोजनसहित सशस्त्र द्वन्द्वका घटनाको छानबिन राहत र परिपूरणका लागि कोष स्थापना गर्न रु एक अर्ब विनियोजन जानकारी गराउनुभयो ।

मन्त्री चौरसियाले भन्नुभयो, “न्याय निरुपण छिटो, छरितो बनाउने विषयका सम्बन्धमा सर्वोच्च अदालतले न्याय क्षेत्रलाई “डिजिटाइज” गरेको र त्यसमार्फत अनलाइन मुद्दा दर्ता, अनलाइनबाट मुद्दाको अवस्था बुझ्ने र भिडियोमार्फत मुद्दामा बहस गर्ने प्रणाली प्रारम्भ भएकोछ ।”

नेपालको संविधानबमोजिम असमर्थ पक्षलाई कानुनी सहायता प्रदान गर्ने संवैधानिक व्यवस्था बमोजिम निःशुल्क कानुनी सहायता अधिकारी तथा वैतनिक वकिलहरूमार्फत कानुनी सहायता प्रदान हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

मन्त्री चौरसियाले नेपाल कानुन सूचना प्रणाली विकास गरी सबै कानुनका सम्बन्धमा एकीकृत जानकारी प्रदान गर्ने डिजिटाइज प्रणाली विकास गर्ने कार्यका सम्बन्धमा अध्ययन कार्य पूरा गरेको र उक्त अध्ययनका आधारमा नेपाल कानुन सूचना प्रणालीको डिजिटाइज प्लेटफर्म निर्माण गर्ने कार्य सुरू गरिएको बताउनुभयो ।

# सार्वजनिक निजी सवारी साधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन पहल

काठमाडौँ, ९ असार (रासस) ।

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक निजी सवारी साधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन पहल गरिएको छ ।

मनसुन प्रतिकार्य कमाण्ड पोष्टको सोमबार बसेको दोस्रो बैठकमा सार्वजनिक निजी सवारी साधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरिएको छ । प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले मनसुन अवधिभर भारी वर्षाका कारण आउन सक्ने बाढी, पहिरो, डुबानसमेतलाई दृष्टिगत गरी सम्भावित जोखिम रहेका क्षेत्र, नदी, खोला नाला र पानीको बहाव समेत उच्च हुनसक्ने राष्ट्रिय राजमार्ग, स्थानीय सडक सञ्जालहरू समेतमा मौसम पूर्वानुमान र परिस्थिति समेतको विचार गरी सवारी साधनमा रोक लगाउन पहल गरिने बताउनुभयो ।

“गत जेठ २८ गते बसेको मनसुन प्रतिकार्य कमाण्ड पोष्टको पहिलो बैठकको निर्णय कार्यान्वयन अवस्थाबारे छलफल तथा समिक्षा भएको र समिक्षाबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को कार्यान्वयनका लागि सबै निकायको एकीकृत र समन्वयात्मक प्रयास गर्नुपर्ने देखिएको छ,” उहाँले भन्नुभयो, “सबै निकायले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को प्रभावकारी कार्यान्वयन गरी सोको प्रगति मासिक रूपमा प्राधिकरणमा पठाउने निर्णय भएको छ ।”

सडक/राजमार्गमा बाढी, पहिरो, डुबान आदिका कारणले जुनसुकै बेला जुनसुकै स्थानमा अबरोध आउन सक्ने हुँदा सडक राजमार्ग तत्काल सञ्चालन गर्न आवश्यक पर्ने उपकरण २४सै घण्टा तयारी अवस्थामा राख्ने व्यवस्था गर्न सडक विभाग र ७५३ वटै स्थानीय तहलाई अनुरोध गर्ने

*बाँकी तीन पृष्ठमा*

# मन्त्रालयले सङ्घीयता कार्यान्वयन र कर्मचारी व्यवस्थापनमा काम गरिरहेको छ : मन्त्री गुप्ता

काठमाडौं, ९ असार (रासस)।

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले सबल सङ्घीयताका निम्ति सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासनको मूल सोच हासिल गर्नेगरी आवश्यक रणनीति र कार्यनीतिसहितको दशवर्षे रणनीतिक योजना (२०७७/७८-२०८७/८८) अनुरूप नै मन्त्रालयले सङ्घीयता कार्यान्वयन र कर्मचारी व्यवस्थापनमा काम गरिरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सङ्घीय मामिला मन्त्रालयका विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै तीनै तहका सरकारले सञ्चालन गर्ने विकास आयोजनाको निर्धारण गर्ने नेपाल सरकारबाट मापदण्डको निर्धारण भएको बताउनुभयो। "सोही बमोजिम नै विकास व्यवस्थाको थालनी भएको छ, कतिपय विषय सङ्घीय सरकारको कार्यक्रम तथा बजेटमा देखिए पनि प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरणको माध्यमबाट तल्लो तहबाट नै गर्नेगरी नेपाल सरकारबाट थालनी भएको छ," उहाँले भन्नुभएको छ।

उहाँले संसदमा विचाराधीन सङ्घीय निजामती सेवा ऐनले प्रशासनिक सङ्घीयताको ढाँचा निर्धारण गर्ने र तीनै तहको प्रशासनिक अन्तरसम्बन्धलाई थप प्रभावकारी बनाउनेगरी विधेयकमा विभिन्न प्रावधान राखिएको पनि बताउनुभयो। "संविधानले नै व्यवस्था गरेको तीन तहको सहअस्तित्वलाई थप बल पुऱ्याउने गरी मन्त्रालयको क्रियाशीलता अगाडि बढाइएको छ। स्थानीय सरकारलाई थप बलियो, प्रभावकारी बनाउने गरी कार्य विस्तृतीकरण प्रतिवेदनले औँल्याएका स्थानीय तहका थप काम, कर्तव्य र अधिकारलाई समावेश गरी स्थानीय सरकार सञ्चालन ऐनको संशोधनको विधेयक यसै अधिवेशनमा दर्ता गर्नेगरी कार्य अगाडि बढाइएको छ", उहाँले भन्नुभएको छ।

सङ्घीयता कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक ५० वटाभन्दा बढी नमूना कानुनहरू निर्माण गरिएको उहाँको भनाइ छ। मन्त्री गुप्ताले सङ्घीता कार्यान्वयनको विषयमा मन्त्रालयको कार्यक्षेत्रबमोजिम कार्यहरू अगाडि बढाइएको उल्लेख गर्दै प्रदेश तथा स्थानीय तहको क्षमता विकास र अन्तर सरकारको सम्बन्धलाई थप प्रभावकारी बनाउनेगरी विकास साझेदारको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालित रहेको बताउनुभयो। "प्रदेश तथा स्थानीय तहका कर्मचारी र पदाधिकारीको क्षमता विकासलाई प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालित रहेको छ," उहाँले भन्नुभएको छ।

सङ्घीयता कार्यान्वयनमा सहकार्य र समन्वयका लागि प्रयोग हुने कतिपय औजारका रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको बताउँदै उहाँले स्थानीय तहले मन्त्रालयमार्फत समन्वय गर्ने सन्दर्भमा स्थानीय तहको सेवा प्रवाहलाई सहयोग पुऱ्याउने र स्थानीय तहले माग गर्ने सानास्तरका कार्यक्रम स्थानीय तहले नै कार्यान्वयन गर्नेगरी सञ्चालित रहेको पनि बताउनुभयो।

तराईका जिल्लामा बजेटको समान वितरण नभएकाबारे सांसदले राख्नुभएको प्रश्नको जवाफमा उहाँले भन्नुभयो, "तराई-मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउने समग्र उद्देश्यसहित कार्यक्रम तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालित रहेको छ।" तराई मधेशमा २२ जिल्लाका २७८ स्थानीय तह कार्य क्षेत्र रहेको कार्यक्रमबाट स्थानीय तहको मागका आधारमा स्थानीय तहमा ससर्त कार्यक्रम सञ्चालनका लागि वित्तीय हस्तान्तरण हुने गरिएको मन्त्री गुप्ताको भनाइ छ।

कार्यक्रम सञ्चालनका लागि निर्देशिकाको व्यवस्था गरिएको र निर्देशिकाको व्यवस्थाबमोजिम स्थानीय तहले लागत साझेदारी गर्ने गरी आयोजनाको माग हुने गरेको उहाँको भनाइ छ। स्थानीय तहको मागका आधारमा उपलब्ध बजेट सीमाको अधीनमा स्थानीय तहमा वितीय हस्तान्तरण गरी रकम पठाउने गरिएको प्रस्ट पार्दै उहाँले स्थानीय तहमा आयोजना छनोट गरी पठाउँदा विगत वर्षमा आयोजना परे/नपरेको, क्रमागत योजना रहेको र कार्य सम्पन्न भए/नभएको, लागत साझेदारीको प्रतिबद्धताका आधारमा आयोजना छनोट हुने गरेको बताउनुभयो। उहाँले भन्नुभएको छ, "यस वर्ष विभिन्न स्थानीय तहबाट ५८५ आयोजना माग भएकामा निर्देशिका र सरकारको नीतिवमोजिम तीन करोडसम्मको लगानी गर्न सकिने २३ वटा आयोजनामा मात्र समेटन सकिएको छ, निर्देशिकाले तोकेको मापदण्ड नपुग्दा सबै आयोजनामा रकम विनियोजन गरिएको छैन।" संसद्को राज्य व्यवस्था समितिबाट पेस भएको प्रतिवेदनसहितको विधेयक अविलम्ब स्वीकृत गर्ने वातावरण तयार गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री गुप्ताको भनाइ छ।

उहाँले भन्नुभयो, "प्रदेश तथा स्थानीय तहमा कर्मचारी व्यवस्थाका लागि प्रदेश लोकसेवा आयोगको क्रियाशीलता भएको छ, प्रदेश तथा स्थानीय तहमा सम्बन्धित निकायको अनुरोधमा नेपाल सरकारबाट कर्मचारी व्यवस्था गरिँदै आएको छ।" स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको स्थायित्वको सन्दर्भमा मन्त्रालयले कानुनबमोजिम खटनपटन गर्ने गरिएको उहाँले बताउनुभयो।

निश्चित समयसम्म स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत बस्नुपर्ने तथा सरुवा नगरिने गरी व्यवस्था गर्न लागिएको बताउँदै उहाँले कतिपय अवस्थामा स्थानीय तहको राजनीति वातावरण तथा अनुरोधमा सरुवा गर्नुपर्ने अवस्था आए तापनि निश्चित आधार र कारण बिनाप्रमुख प्रशासकीय अधिकृतको सरुवा नगर्ने बताउनुभयो। "निश्चित दरबन्दीमा पदपूर्ति हुने कर्मचारी विभिन्न कारणले रिक्त रहने हुँदा सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत व्यवस्था गर्न सकिएको छैन, यस्तो अवस्थामा निजामती सेवा तथा स्थानीय सेवाका वरिष्ठ कर्मचारीलाई जिम्मेवारी दिएर सेवा प्रवाहको व्यवस्था मिलाइएको छ," उहाँले भन्नुभयो।

संसद्मा विचाराधीन विधेयकमा प्रमुख प्रशासकीय अधिकृतको दीर्घकालीन व्यवस्थापनको विषय समावेश गरी समस्या समाधानको विकल्प तयार गरिएको उहाँको भनाइ छ। निजामती सेवाभित्रको सरुवा बढुवालाई व्यवस्थित पूर्वअनुमानयोग्य बनाउने गरी ऐनको मस्यौदमा व्यवस्था गरिएको उल्लेख गर्दै सरुवाका अधिकांश निर्णय कर्मचारीको मागलाई सम्बोधन गर्नेगरी नै हुने बताउनुभयो। केही विशेष जिम्मेवारी दिनुपर्ने अवस्थामा मात्र ऐनको अधीनमा आवश्यकताका आधारमा सरुवा हुने उहाँको भनाइ छ।

***सार्वजनिक निजी...***

निर्णय गरिएको कार्यकारी प्रमुख भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार यसैगरी तत्काल उद्धार र राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरू समेत तयारी अवस्थामा राख्न र विशेष अवस्थामा सडक अवरुद्ध भई सवारी साधनहरू चल्न नसक्ने परिस्थितिमा कम्तिमा १५ दिनका लागि खाद्यान्न अभाव नहुने गरी व्यवस्था मिलाउन ७५३ वटै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

## विश्व समाचार

### इरानलाई मुख्य व्यापारिक मार्ग बन्द गर्नबाट रोक्न अमेरिकाको चीनलाई आग्रह

वासिङ्टन, ९ असार (रासस/एएफपी)।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानी आणविक स्थलमा अमेरिकी आक्रमणपछि महत्वपूर्ण व्यापारिक मार्ग होर्मुज जलमार्ग बन्द गर्नबाट रोक्न इरानसँग समन्वय गर्न चीनसँग आग्रह गर्नुभएको छ।

रुबियोले फक्स न्यूजसँग भन्नुभएको छ, "म चीन सरकारलाई यस विषयमा कुरा गर्न आग्रह गर्दछु। खासगरी, इराक कतार र इरानबाट निर्यात हुने तेलका लागि स्ट्रेट अफ होर्मुजको प्रयोग हुनेगर्छ र यो चीनमा इन्धन आयातका लागि पनि प्रमुख मार्ग मानिन्छ।"

विश्लेषकहरूले इरानले वासिङ्टनले आइतबार बिहान गरेको आक्रमणको बदलामा सामुद्रिक मार्गमा पर्ने हर्मुज स्ट्रेट बन्द गर्न सक्ने बताएका छन्। विदेशमन्त्री रुबियोले भन्नुभयो, "यदि इरानले हर्मज मार्ग रोक्ने बाटो अपनायो भने यो अर्को भयानक गल्ती हुनेछ। इरानी शासकले हर्मुज स्ट्रेटमा आवागमनलाई रोक्नु उनीहरूको लागि आर्थिक सङ्कट निम्त्याउने कडी बन्न सक्छ। हामीसँग यसको सामना गर्ने विकल्पहरू छन्।"

उहाँले भन्नुभयो, "तर अन्य देशले पनि यसलाई हेर्नुपर्छ, यसले अन्य देशको अर्थतन्त्रलाई हाम्रो भन्दा धेरै नराम्रो असर पार्नेछ। मलाई लाग्छ, यसले सङ्कटग्रस्त विश्व अर्थतन्त्रलाई थप समस्यातर्फ धकेल्नेछ।"

यसैबीच इरानले अमेरिकी सेनाले प्रयोग गर्ने अखडालाई धम्की दिएको छ भने इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका सल्लाहकारले ती अखडालाई 'आफ्नो (इरानको) सशस्त्र बलको वैध निशाना' मानिने बताउनुभएको छ।

यद्यपि, अमेरिकी आक्रमणले तेहरानलाई द्वन्द्व कम गर्न वा यसलाई अझ फराकिलो बनाउन प्रेरित गर्छ कि गर्दैन त्यो भने हेर्न बाँकी नै छ। चीनले अमेरिकी आक्रमणको निन्दा गर्दै रुस र अरब राष्ट्रहरुको समूहलाई साथ दिँदै यसले मध्यपूर्वमा तनाव बढाएको बताएको छ।

### इजरायलका लागि जासुसी गरेको अभियोगमा इरानद्वारा एक व्यक्तिलाई मृत्युदण्ड

तेहरान, ९ असार (रासस/एएफपी)।

इरानको न्यायपालिकाले इजरायलका लागि जासुसी गरेको अभियोगमा दोषी ठहर भएका एक व्यक्तिलाई सोमबार मृत्युदण्ड दिएको जनाएको छ। "यहूदी शासन (इजरायल)का लागि गुप्तचरको रूपमा सहयोग गरेको आरोपमा सोमबार बिहान इरानी नागरिक मोहम्मद-अमिन महदावी शायेस्तेहलाई फाँसी दिइएको छ," इरानको एक न्यायलयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

शायेस्तेहमाथि इजरायलको विदेशी गुप्तचर संस्था मोसादसँग सम्बन्ध रहेको आरोप लागेको थियो। उहाँलाई इरानी सरकारको आलोचना गर्ने लण्डनस्थित फारसी भाषाको टिभी च्यानल इरान इन्टरनेसनलसँग सहकार्य गरेको अभियोगमा पनि दोषी ठहर गरिएको थियो।

इरानले उक्त प्रसारणकर्तालाई इजरायलसँग जोडिएको मानेको छ। सन् २०२२ मा महसा अमिनीको हिरासतमा मृत्यु भएपछि देशव्यापी विरोध प्रदर्शनका क्रममा इरानका अधिकारीहरूले उक्त च्यानललाई 'आतङ्कवादी सङ्गठन' को रूपमा वर्णन गरेका थिए।

इरानी कुर्दिश युवती अमिनीलाई इस्लामिक गणतन्त्रको कडा ड्रेस कोड उल्लङ्घन गरेको आरोपमा पक्राउ गरिएको थियो। इरानले विशेषगरी उसको कट्टर शत्रु इजरायलसँग काम गर्ने विदेशी गुप्तचर निकायहरूसँग संलग्न रहेको देखिएका वा आरोप लागेका व्यक्तिहरूलाई पक्राउ गरी राष्ट्रघात गरेको आरोपमा वर्षौं जेल र मृत्युदण्डसमेत दिने घोषणा गर्ने गरेको छ। आइतबार अधिकारीहरूले यस्ता कारबाहीलाई तीव्रता दिने प्रतिबद्धता जनाएका थिए। सोही दिन, न्यायपालिकाले मोसादको एजेन्ट भएको आरोपमा दोषी ठहरिएका माजिद मोसायेबीलाई मृत्युदण्ड दिने घोषणा गरेको छ।

न्यायपालिकाका प्रमुख घोलामहुसेन मोहसेनी एजेईले सरकारी टेलिभिजनसँग भन्नुभयो, "सुरक्षासँग सम्बन्धित मुद्दाहरू, विशेष गरी इजरायललाई समर्थन गर्ने र शत्रुको पाँचौं स्तम्भको रूपमा काम गर्ने मुद्दाहरूलाई अझ छिटो समाधान गरिनेछ।" एम्नेस्टी इन्टरनेसनललगायतका मानवअधिकारवादी समूहका अनुसार इरानमा विश्वकै अत्यधिक धेरै सङ्ख्यामा मृत्युदण्ड दिइने गरिएको छ।

### इरानका सैन्य स्थलहरूमा इजरायलद्वारा थप आक्रमण

जेरुसेलम, ९ असार (रासस/एएफपी)।

इजरायली सेनाले पश्चिमी इरानका मिसाइल प्रक्षेपण स्थलहरूमा सोमबार प्रहार गरेको बताएको छ। मध्यपूर्वका दुई मुलुक इरान र इजरायलबीच ११ दिन देखि लडाई जारी छ। सेनाले विज्ञप्ति जारी गर्दै १५ वटाभन्दा बढी लडाकू विमानहरूले पश्चिमी इरानको केरमानशाह क्षेत्रमा आक्रमण गरेको जनाएको छ।

यस अघिको जानकारीमा इजरायली वायुसेनाले हाल इरानको केरमानशाहमा सैन्य पूर्वाधार स्थलहरूमा आक्रमण गरिरहेको बताएको थियो। इजरायलले जुन १३ मा इरानको क्षेप्यास्त्र र आणविक सुविधाहरूका साथै सैन्य अधिकारी र सुरक्षा सेवाहरूलाई लक्षित गरी ठूला आक्रमणहरू गरेको थियो। सोमबार दुई देशहरू बिच हवाई आक्रमण हुँदा तेहरानले सप्ताहन्तमा तीनवटा आणविक स्थलहरूमा अमेरिकी युद्ध विमानहरूले 'बारुदी सुरुङ' मा पुऱ्याएको क्षतिको बदला लिने प्रतिबद्धता गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त आक्रमणले इरानको आणविक क्षमतालाई नष्ट गरेको बताउनुभएको छ भने अन्य अधिकारीहरूले तेहरानको आणविक कार्यक्रममा परेको असर निर्धारण गर्न ढिलो भएको बताएका छन्।

# लैङ्गिक हिंसा रोक्न सडक नाटक मार्फत सन्देश



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**
लैङ्गिक हिंसा रोक्नका लागी जागरुक्ता फैलाउने उद्देश्यले सप्तरीको सुरुङ्गा नगरपालिकाबाट चेतनामूलक सडक नाटक मञ्चनको सुरुवात गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोग, एडिबीको सहकार्य तथा सोसाईटी बेलफेयर मिशन नेपाल सप्तरीको आयोजनामा थालिएको सडक नाटक सचेतना अभियान अन्तर्गत पहिलो दिन सुरुङ्गा नगरपालिकामा नाटक मञ्चन गरिएको छ ।

"खुलेर बोलौ, लैङ्गिक हिंसाको अन्त्य गरौ" नाराका साथ सोमवार सुरुङ्गा नगरपालिका ७ वसन्तपट्टी बजारबाट लैङ्गिक हिंसा जस्ता विकृति विसंगती अन्त्य गर्न तथा स्थानीयको जनचेतना बृद्धि गर्ने लक्ष्यका साथ यो अभियान सुरु गरिएको हो ।

मैथिली, भोजपुरीका चर्चित कलाकार रामलाल कमेडी ( भुपेन्द्र मण्डल) को निर्देशनको करिब १ घण्टा लामो नाटकमा एक दर्जन कलाकारको अभिनय थियो । लैङ्गिक हिंसा जस्ता विकृति विसंगती विरुद्ध चोटिलो प्रहार गरेको नाटकले चेतना मुलक सन्देशहरु पनि दिएको थियो ।

नाटक मार्फत स्थानीय चेलीबेटीहरुलाई कुनै पनि खाले दुर्व्यवहार घर, परिवार र समाजबाट भए पीडकलाई कारवाही गराउन सामुहीक रुपमा खुलेर सबैले आवाज उठाउनु पर्नेमा जोड दिएको छ ।

लैङ्गिक हिंसा र त्यसले उब्जाउने समस्याहरुमा केन्द्रित रहेको नाटक क्रमशः मधेश प्रदेशको सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा पनि प्रर्दशन हुने आयोजक संस्थाका अध्यक्ष मिथलेश प्रसाद साहले जानकारी दिए ।

जनप्रतिनीधी र समाजका अगुवाहरु समेतको उपस्थितीमा मञ्चन गरिएको नाटक मार्फत कलाकारहरुले समाजमा मानिसको सोच र मनोवृतिबाटै लैङ्गिक हिंसाका घटना उब्जने भएकाले सोच परिवर्तन सँगै अपराधलाई जरैबाट निमिट्यान्न पार्न समुदायलाई आग्रह गरेका थिए ।

# वीरगञ्ज नाका : ५९ हजार ४७४ इन्धन सवारी भित्रिए

पर्सा, ९ असार (रासस) ।
वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको ११ महिनामा १५ अर्ब ९२ करोडका इन्धनबाट चल्ने सानाठूला सवारीसाधन भित्रिएका छन् । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार सो अवधिमा इन्धनबाट चल्ने अन एसेम्वल्ड मोटरसाइकलदेखि क्रेनलहरीसम्मका ५९ हजार ४७४सवारीसाधन आयात भएका हुन् । सो अवधिमा इन्धनबाट चल्ने सवारीसाधनबाट मात्र रु १५ अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ ।

चालु आवको ११ महिनामा पाँच अर्ब ७८ करोड मूल्यका ४४ हजार ४४० वटा अनएसेम्वल्ड मोटरसाइकल आयातबाट रु पाँच अर्ब ५१ करोड राजस्व सङ्कलन भएको छभने रु दुई अर्ब ६३ करोडका एक हजार ३०७ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन् । त्यस्तै सोही अवधिमा रु एक अर्ब ८० करोडका आठ सय ३९ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएका छन् ।

त्यसैगरी, चालु आवको ११ महिनामा रु एक अर्ब १६ करोड मूल्य पर्ने पाँच हजार २२० ट्र्याक्टर तथा ट्रिलर आयात भएका छन् । सोही अवधिमा रु एक अर्ब दुई करोड मूल्यका तीन सय ७४ वटा बस, रु ६७ करोड मूल्यका एक सय ३१ वटा कङ्क्रिट मिश्रण लहरी आयात भएका छन् । सोही अवधिमा रु ६६ करोड मूल्यका दुई सय ७६ वटा ट्रक, मिनीट्रक आयात भएका छन् ।

त्यस्तै, सोही अवधिमा रु ३९ करोड मूल्यका चार हजार १६० वटा तयारी मोटरसाइकल आयात भएका छन्भने सोही अवधिमा रु एक अर्ब ८४ करोड २३ लाखका सानाठूला दुई हजार ३८५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । ती विद्युतीय सवारीसाधनको आयातबाट रु एक अर्ब ८४ करोड २७ लाख राजस्व सङ्कलन गरेको जनाएको छ । समग्रमा चालु आवको ११ महिनामा सवारीसाधन र तिनका पार्टपुर्जा आयातबाट रु १७ अर्ब ७० करोड राजस्व सङ्कलन भएको छ ।

# 'हुलाक सेवा साधनस्रोत प्रविधियुक्त हुनुपर्छ'

जनकपुरधाम, ९ असार (रासस) ।
लामो इतिहास बोकेको हुलाक सेवालाई समयसापेक्ष एवं साधनस्रोतबाट सम्पन्न तथा उच्चप्रविधियुक्त बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ ।

हुलाक निर्देशनालय जनकपुरधामद्वारा सोमबार यहाँ आयोजित स्थानीय हुलाकका प्रतिनिधिसँगको अन्तरक्रियाका वक्ताहरूले हुलाक सेवा प्रविधियुक्त नहुँदा सेवाग्राहीबाट अलग हुनुपर्ने अवस्था सिर्जना हुने बताउनुभएको हो ।

बदलिँदो परिस्थितिमा हुलाक सेवा विभागअन्तर्गतका निकायको कार्यलाई भरपर्दो, समयको माग, ग्राहकको चाहना, छिटोछरितो तथा आधुनिक बनाउन नेपाल सरकारले स्पष्ट कानुन बनाउनुपर्ने उहाँहरूको भनाइ छ । सूचना प्रविधिको यस युगमा हुलाकको कार्यमा परिवर्तन नआएकाले शिथिल हुँदै गएकामा उहाँहरूको चिन्ता छ ।

हुलाक सेवा सिथिल हुनुमा विगतमा हुलाकले गर्दै आएका काम अहिले निजी क्षेत्रले लिएको, दक्ष जनशक्ति अभाव रहेको र स्रोतसाधन कमीका कारणले कर्मचारी त्यहाँ बस्न नखोजेकाले समस्या पैदा भएको कारण औँलाइएको छ ।

जिल्ला समन्वय समिति ( जिससका) प्रमुख राजनन्दन मण्डलले हुलाकको कामलाई व्यवस्थित तथा जनताको आकर्षण बनाउनका लागि हुलाक सेवा विभागले प्रदेश तथा स्थानीय निकायसँग समन्वय गरेर योजनाबद्ध रूपमा कार्य गर्नुपर्ने बताउनुभयो ।

साधनस्रोतको अभावमा त्यहाँ कर्मचारीहरूले काम गर्न नखोज्ने तथा राजनीतिकको पछाडि गएर सरुवा गराउने परिपाटीले हुलाकको दिगो विकास नहुने उहाँको भनाइ थियो ।

रासस मधेश प्रदेश कार्यालयका प्रमुख सुरेश झाले वर्तमान बदलिँदो परिस्थितिमा अन्य सरकारी कर्मचारीको तुलनामा हुलाकमा सुविधा न्यून रहेकाले विशेष सुविधा दिनुपर्ने तथा हुलाक र स्थानीय तहबीच स्रोतसाधनका लागि समन्वय गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सो अवसरमा हुलाक निर्देशनालय धनुषा, जनकपुरधामका निमित्त निर्देशक लाल झाले अहिले मुलुक सङ्घीय संरचनामा गइसकेपछि ६६७ विभिन्न स्थानीय तहमा हुलाक कार्यालय स्थापना भई सञ्चालनमा रहेको तथा १०५ वटा हुलाकको काउन्टर स्थापना र चार हजार ६१९ कर्मचारीमार्फत हुलाकको काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

हुलाक सेवा विभागद्वारा सञ्चालित द्रुत डाँक सेवा नेपालको ४५ जिल्ला तथा नेपालबाहेक ३९ देशसँगको सहकार्यमा सञ्चालन भइरहेको छ भन्नुभयो । साथै झाले स्थानीय पालिकाहरूमा स्थापना गरिएको स्थानीय हुलाकहरूमा कर्मचारी अभाव, बजेटको कमी तथा पूर्वाधारको समस्या रहेको विषयमा जानकारी दिनुभएको थियो ।

सो कार्यक्रममा निर्देशनालयका सूचना अधिकारी भविष्यकुमार झा, प्रशासन शाखाप्रमुख जीतनारायण यादव, डाँक टिकट शाखा प्रमुख विवेक ढुङ्गाना र एक पालिका एक हुलाकको स्थापना तथा सञ्चालन तथा समस्याबारे जानकारी गराउनुभएको थियो ।

# सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयकमा परिमार्जन गर्न माग

काठमाडौँ, ९ असार (रासस) ।
सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ लाई परिमार्जन गरिनुपर्नेमा कानुन व्यवसायीले जोड दिएका छन् ।

संसदमा दर्ता भएको सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अझै अपुरो, अधुरो र अस्पष्ट रहेकाले यसमा परिमार्जन आवश्यक रहेको राजधानीमा महिला, कानुन र विकास मञ्चले आयोजना गरेको सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा जानकारी गराइएको हो ।

महिला तथा बालिकाविरुद्ध हुने साइबर अपराधमा केन्द्रित रहेर सञ्चारकर्मीसँग गरिएको अन्तर्क्रियामा स्रोत व्यक्ति अधिवक्ताद्वय अशाङ्कन मल्ल र राष्ट्र विमोचन तिमल्सिनाले २०८० को विद्युतीय कारोबार ऐन भन्दा गत जेठ २७ गते संसदमा टेबुल भएको सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ समय सापेक्ष भए पनि धेरै कुरा छुटेको र अस्पष्ट रहेका परिमार्जन गरिनुपर्नेमा जोड दिनुभएको हो ।

हिंसाको प्रकार समयसँगै बदलिएकाले नयाँ साइबर सुरक्षा ऐन आवश्यकता भएको हुनसक्ने मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताउनुभयो । विद्युतीय कारोबार ऐनलाई प्रतिस्थापन गर्न बनेको नयाँ विधेयकले महिला तथा बालिकालाई कति समेटेको छ भन्ने विष॰ ाय सञ्चारकर्मीलाई जानकारी दिन अन्तक्रिया आयोजना गरेको उहाँले जानकारी गराउनुभयो ।

इन्टरनेट प्रयोगकर्ता बढेसँगै अपराधका प्रकार पनि बढेको अधिवक्ता मल्लको भनाइ थियो । विद्युतीय कारोबार ऐनको हुवहु भए पनि समयसापेक्ष नभएको उहाँले बताउनुभयो । इन्टरनेटको माध्यमबाट हुने अपरोध रोक्न नेपालमा २०७५ सालमा साइबर ब्यूरो स्थापना भएको थियो । त्यसबेला दुई सय ३७ जाहेरी ब्यूरोमा परेको थियो । यसैगरी २०७६/७७ मा दुई हजार तीन सय जाहेरी दर्ता भएको थियो । गत वर्ष २०८१/८२ मा ब्यूरोमा १९ हजार सात सय ३० वटा जाहेरी परेको जानकारी अधिवक्ता श्रेष्ठले दिनुभयो । यति धैरै जाहेरी परे पनि प्रहरीले दुई सय अर्थात् एक प्रतिशत जाहेरीलाई मात्र अदालतसम्म पुऱ्याएको तथ्याङ्क उहाँले प्रस्तुत गर्नुभयो ।

सञ्चारमाध्यमलाई आक्रमण नगर्ने, गोपनीयताको हक, सामाजिक सञ्जाल सूचीकृत गर्नुपर्ने, एआईको विषय र नयाँ प्रविधिलाई मर्यादित रूपमा सञ्चालन गर्नुपर्नेलगायतका विषय सकारात्मक रहेको अधिवक्ता तिमल्सिनाले बताउनुभयो । अश्लीलताका विषयमा अस्पष्ट हुनु, कानुनबीच तादाम्यता नहुनु, सजायको व्यवस्था थोरै हुनुलगायतका विषय यो विधेयकको कमजोर पक्ष भएको उहाँको भनाइ छ ।

# श्रीमतीको हत्या अभियोगमा पक्राउ

**दैनिक समाचारदाता**
**वीरगञ्ज, ९ असार ।**
आफ्नै श्रीमतीलाई घाँटी थिचेर हत्या गरेको अभियोगमा यहाँको जगरनाथपुर गाउँपालिका-४ का सफिराजा मियाँ पक्राउ परेका छन् । शनिबार राति श्रीमती लालबीबी खातुनको हत्या गरेको अभियोगमा उनी आइतबार पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता किशोर लम्सालले मियाँलाई पक्राउ गरी आइतबार नै जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको जानकारी दिए ।

"प्रहरीको प्रारम्भिक अनुसन्धानले लामो समयदेखि श्रीमान् श्रीमतीबीच बोलचाल नभएको थाहा भएको छ", उनले भने, "श्रीमान लामो समयदेखि बाहिर काम गरेर घर फर्किँदा श्रीमतीले राम्रो व्यवहार नगर्ने, वास्ता नगर्ने भन्दै रिसको आवेगमा कर्तव्य ज्यान गरेको हुनसक्ने देखिएको छ ।"

# सिँचाइका लागि प्रयोग गरिएको विद्युत् करेन्ट लागेर वृद्धको मृत्यु

सिरहा, ९ असार (रासस) ।
सिरहाको गोलबजार नगरपालिका-१३ स्थित दुर्गापुर डङ्गराहामा सोमबार बिहान सिँचाइका लागि प्रयोग गरिएको करेन्ट लागेर एक वृद्धको मृत्यु भएको छ ।

स्थानीय ६२ वर्षीय रामपृत पण्डितको आफ्नै धानखेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागि मृत्यु भएको वडाध्यक्ष नन्दकुमार महतोले जानकारी दिनुभयो । उहाँका अनुसार बिहान चिया खाएर खेत गएका पण्डित सिँचाइ गर्न खोज्ने क्रममा विद्युत्को तार सही तरिकाले नजोड्दा करेन्ट लागेको प्रारम्भिक अनुमान गरिएको छ ।

अहिले प्रहरी घटनास्थल पुगेर मुचुल्का तयार गरी मृतकको शव उठाउने काम गरिइरहेको इलाका प्रहरी कार्यालय, गोलबजारका प्रमुख प्रहरी निरीक्षक गोविन्द साहले जानकारी दिनुभयो । वडाध्यक्ष महतोका अनुसार गत वर्ष पनि सोही गाउँमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको थियो । उहाँले ग्रामीण क्षेत्रमा विद्युत् सुरक्षाबारे जानकारी कम रहेकाले पम्प प्रयोग वा मर्मत गर्दा सावधानी नअपनाउने, नाङ्गो तार छोप्ने, जमिनमै 'प्लग' राख्ने जस्ता कार्यले विशेषगरी वर्षायाममा अकालमा ज्यान गुमाउने क्रम बढिरहेको बताउनुभयो ।

घटनापछि विद्युत् सुरक्षाको सवालमा चेतनामूलक कार्यक्रमको आवश्यकता देखिएको भन्दै स्थानीयवासीले पनि सरोकारवाला निकायसँग तत्काल ध्यान दिन माग गरेका छन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*